


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार २७ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 11 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१३

## भानुभक्त आचार्य नेपाली सांस्कृतिक एकताका नायक हुन् –मा. गङ्गाप्रसाद उप्रेती

प्रस, गरुडा, २५ असार/

अन्तर्राष्ट्रिय नेपाली समाज (इन्स)



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति उप्रेती। तस्वीरः प्रतीक

को भाषा तथा साहित्य समितिद्वारा आयोजित भानुजयन्ती विशेष कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय गङ्गाप्रसाद उप्रेतीले आदिकवि भानुभक्त आचार्यलाई नेपाली सांस्कृतिक एकताका नायक भएको बताएका छन्।

जूम प्रविधिमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति उप्रेतीले स्पष्ट शब्दमा "राष्ट्रको पूर्वाधार निर्माण गर्ने एकीकरणकर्ता पृथ्वीनारायण शाह हुन् भने नेपाली सांस्कृतिक एकताका लागि पूर्वाधार तयार पार्ने सांस्कृतिक नायक भानुभक्त आचार्य हुन्" भनी बताएका छन्।

आचार्यको योगदानको चर्चा गर्दै कुलपति उप्रेतीले भानुभक्तको रामायणले विभिन्न देशमा छरिएर रहेका नेपालीबीच सांस्कृतिक एकताको आधार तयार पारेको बताएका छन्।

कार्यक्रमलाई सम्बोधन गर्दै डा तुलसी भट्टराईले पौने दुई सय वर्ष पहिले लेखिएको रामायणले आजसम्म नेपाली

(बाँकी अन्तिम पातामा)

## अनाथहरू बिरामी पर्न थाले

प्रस, गरुडा, २६ असार/

रौतहटको गरुडा नगरपालिका–४ गरुडा बजारमा रहेको वंशीराम



रौतहटको गरुडास्थित वंशीराम जयसवाल अनाथालय। तस्वीरः प्रतीक

जयसवाल अनाथालयका बालबालिकाहरू बिरामी पर्न थालेका छन्। वर्षा र बाढीको पानी अनाथालयवरिपरि जमेर चारैतिर हिलो र पानी भएपछि बालबालिकाहरू बिरामी पर्न थालेको अनाथालयमा बालबालिकाको रेखदेख गर्ने हृदयनारायण कश्यपले जानकारी गराएका छन्।

अनाथालयको आँगनमा पनि पानी जमेको र चारैतिर पानी जमेर निकास नहुँदा लामखुट्टेको समस्या धेरै भएको कश्यपले जानकारी गराएका छन्। पानीमा वनस्पति र अन्य वस्तु कुहिएर बेग्लै किसिमको गन्ध आएको तथा लामखुट्टेले धेरै सताएकोले बालबालिकाहरू

(बाँकी अन्तिम पातामा)

## प्रभात काव्य-यात्रा नयाँ संस्करणमा



बैठकमा सहभागी काव्य-यात्राका यात्रुहरू। तस्वीरः प्रतीक

प्रस, वीरगंज, २६ असार/

पर्सामा क्रियाशील साहित्यकार तथा साहित्य अनुरागीहरूको सहभागितामा बितेको २५ वर्षदेखि निरन्तरता पाएको प्रभात काव्य–यात्रालाई नयाँ संस्करणबाट आरम्भ गर्ने निर्णय भएको छ।

विक्रम संवत् २०५३ सालमा प्रतीक दैनिकको कार्यालयबाट प्रारम्भ भएको प्रभात काव्य–यात्रालाई नयाँ संस्करणमा लानेबारे शनिवार प्रतीककै कार्यालयमा सम्पन्न बैठकले निर्णय गरेको हो।

हरेक महीनाको अन्तिम शनिवार नियमितरूपमा सञ्चालन हुँदै आएको यात्रा विगतमा अङ्कको हिसाबले गणना गर्दा २०७७ वैशाखसम्म २८६औं यात्रा सम्पन्न भएको रेकर्ड फेला परेको र सोभन्दा पछिको रेकर्ड फेला नपरेकोले खोजी गर्ने प्रयास जारी राख्दै अबदेखि अङ्क गणना गर्दा २६/१, २६/२ गर्दै गणना गरिने निर्णय भएको छ।

यस यात्रामा कुनै पदाधिकारी नरहने र हरेक यात्रामा सहभागी यात्रुहरूमध्येबाटै कार्यक्रम सञ्चालन गरिने परम्परालाई कायम राख्दै पुनर्जीवनको चरणमा अगाडि बढाउने योजना बनेको छ।

हाल कोरोना महामारी अवधिमा आवश्यक स्वास्थ्य मापदण्ड अपनाउँदै थप दुईवटा कार्यक्रम प्रतीक दैनिकको कार्यालयमा सम्पन्न गर्ने र अवस्था सामान्य भएपछि यात्राका यात्रुहरूको घरमा पालैपालो गरी सम्पन्न गर्ने निर्णय भएको बैठकका सहभागी उपन्यासकार गणेश लाठले बताए।

सम्पन्न बैठकमा काव्य–यात्राका संस्थापक तथा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मा, लेखक चन्द्रकिशोर झा, अजमत अली, दिलीप कार्कीलगायतको सहभागिता थियो।



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचनाप्रणालीको व्यवस्था गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## विचारसार र सूक्तिहरू

**प्रशंसा अज्ञानको छोरी हो ।**

-फ्रेङ्कलिन

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सच्चा ईश्वरभक्ति

सन्त एकनाथको ख्याति चारैतिर फैलिएको थियो । उनी जहाँ पनि जान्थे, त्यहाँ धर्मोपदेश दिन्थे र मेहनत र सत्यताको बाटोमा हिंड्न सल्लाह दिन्थे । उनी प्राय: भन्ने गर्दथे धर्म नै जीवनको आधार हो । धर्मरहित जीवन वास्तवमा पशुवत् जीवन हो । जस्तै कुनै वृक्षको जरा नै त्यस वृक्षको आधार हुन्छ, त्यसैगरी धर्मरूपी जरा नै जीवनरूपी वृक्षको आधार हो । जस्तै जराविना जीवनरूपी वृक्षको कल्पना गर्न सकिंदैन । वृक्षले जराबाट जीवनरस पाउँछ, पोषण पाउँछ । त्यसैगरी, जीवन पनि धर्मबाट नै जीवन रस पाएर सुखी, सुन्दर एवं सफल हुन्छ ।

**कर्तव्यबाट पलायन गर्नेलाई भक्तिको नाम दिनु गलत हो, बरु कर्तव्यपालन गर्दै भगवान्‌को स्मरण गर्दै सदा सच्चाइको बाटोमा हिंड्नु नै सच्चा भक्ति हो । त्याग गृहको होइन, कर्तव्यको होइन, बरु मनको विकारको गर । यसैबाट भगवान् तिमीप्रति प्रसन्न हुनेछन् । जाऊ घर फर्क ।"**

एकपटक सन्त एकनाथ कतै भ्रमणमा थिए । अचानक एकजना व्यक्ति उनीकहाँ आए र भने– "महात्मन् ! म निकै टाढाबाट तपाईंको दर्शनको लागि आएको छु । म नाना प्रकारका गृहकार्यमा व्यस्त रहन्छु, जसको कारण भगवद्भक्तिको लागि समय निकाल्न सक्दिनँ । अत: हे महात्मन् ! अब तपाईंको शरणमा रहन चाहन्छु र भगवन्भक्ति गर्न चाहन्छु । अब म आफ्नो घर फिर्ता जान चाहन्नँ । यसैले तब तपाईं मलाई आफैसँग लग्न र शिष्य बनाउन अनुमति दिनुहोस् । हे महात्मन् ! अब म तपाईंकहाँ सधैंको लागि आएको छु ।

"तिमी एक्लै छौ कि गृहस्थ धर्म पालन गर्छौ ?" एकनाथजीले सोधे । त्यो व्यक्तिले भन्यो, "भगवान् ! मेरो विवाह भइसकेको छ । मेरो स्त्री छ, वृद्ध आमा–पिता एवं दुई सन्तान पनि छन् र म अब ती सबैको त्याग गरेर ठूलो आशाका साथ तपाईंकहाँ आएको छु । यसैले हे भगवन् ! तपाईं मलाई निराश नगर्नुहोस् । ममाथि दया गर्नुहोस् ।"

सन्त एकनाथले भने– "के तिम्रो आमाबुबाले तिमीलाई अनुमति दिएका छन् ? तिम्रो पत्नीले तिमीलाई यसको लागि अनुमति दिएकी छन् ?" यसको उत्तरमा त्यो व्यक्ति सङ्कुचित हुँदै भन्न थाल्यो– "छैन महात्मन् ! ती सबै सुतिरहेका थिए, त्यसपछि म बिस्तारै घरबाट बाहिरिए । ती सबै गहिरो निद्रामा थिए, त्यसपछि म त्यहाँबाट हिंडेर तपाईंकहाँ आइपुगेको हु । यदि तिनीहरू जागेको भए म तपाईंकहाँ कसरी आउन सक्थे, किनभने उनीहरूले मलाई घर छाड्न दिंदैनन् ।" सन्त एकनाथले पुन: प्रश्न गरे– "र तिम्रो बच्चा ?"

"बच्चा पनि सुतिरहेको थियो, भगवन् ! र म उनीहरूलाई सुतेको देखेपछि चुपचाप त्यहाँबाट भागे । महाराज मैले अब घर गृहस्थी त्यागिसकेको छु र अब भगवान्‌को सेवा गर्न चाहन्छु ।"

सन्त एकनाथले त्यस व्यक्तिलाई सम्झाउँदै भने– "वत्स ! जुन भगवान्‌को सेवा गर्ने इच्छाले तिमी मकहाँ आयौ, उनी त तिम्रै घरमा छन् र तिमीले उनलाई नै त्याग्यौं । अरे, भगवान् त घट–घट व्यापी छन् । उनी कहाँ छैनन् ? उनी सृष्टिको कण–कणमा व्याप्त छन् । उनी हरेक प्राणीभित्र छन् । हरेक व्यक्ति भगवान्‌को नै कृति हो । तिम्रो आमाबुबा, पत्नी, सन्तान सबै भगवान्‌को नै कृति हो । उनीहरूभित्र उपस्थित भगवान्‌लाई नमन गर्दै तिमी उनको प्रति आफ्नो कर्तव्य पालन गर । गृहस्थ धर्म पूरा गर्दै सदा भगवान्‌लाई स्मरण गर, जसबाट संसारप्रति तिम्रो मनमा आशक्ति नहोस्, र तिमी मुक्त हुन सक्छौं । यही सच्चा भगवद्भक्ति हो । कर्तव्यबाट पलायन गर्नेलाई भक्तिको नाम दिनु गलत हो, बरु कर्तव्यपालन गर्दै भगवान्‌को स्मरण गर्दै सदा सच्चाइको बाटोमा हिंड्नु नै सच्चा भक्ति हो । त्याग गृहको होइन, कर्तव्यको होइन, बरु मनको विकारको गर । यसैबाट भगवान् तिमीप्रति प्रसन्न हुनेछन् । जाऊ घर फर्क ।"

सन्त एकनाथको वचनले त्यस व्यक्तिको अज्ञानता टाढा भयो । उनको हृदय परिवर्तित भयो र उनी चुपचाप घर फर्किए । अब उनले नयाँ जीवन–दृष्टि पाएका थिए । घर आएर आफ्नो परिवार र समाजप्रति आफ्नो दायित्वको पालन गर्दै उनले ईश्वरभक्ति गर्न थाले । वास्तवमा यही त सच्चा ईश्वरभक्ति हो, भगवद्भक्ति हो ।

एकपटक राजा जनकले महर्षि याज्ञवल्क्यसमक्ष जिज्ञासा प्रकट गरे– "महाराज ! यदि सूर्य लुप्त भयो भने मनुष्य कुन ज्योतिको आश्रय लिएर जीवित रहन सक्छ ?"

"चन्द्रमाको ज्योतिको आश्रय लिएर," याज्ञवल्क्यले सहज भावले उत्तर दिए ।

"यदि चन्द्रमाको पनि अस्तित्व लोप भयो भने मनुष्य कुन ज्योतिको सहारा लिन सक्छ ?" "अग्निको" –महर्षिले भने ।

"यदि अग्नि पनि निभ्यो भने ?" जनकले प्रश्न गरे ।

"यदि अग्निले पनि मनुष्यको साथ छोड्छ भने त्यो वाणीको अवलम्बनबाट जीवित रहन सक्छ ।"

"महर्षि यदि मनुष्यको वाक्‌शक्ति पनि नष्ट भयो उसले के गर्छ ?

यदि मनुष्यको वाक्‌शक्ति पनि रहेन भने तब उसले विवेकको आश्रय लिन्छ । विवेकलाई कसैले निभाउन सक्दैन" –याज्ञवल्क्यको भनाइ थियो । यस्तो दृढ आस्थाको आधारमा नै ऋषि विश्ववन्द्य भए ।

# सीमाञ्चलमा उद्यम व्यापार : कति अवसर, कति चुनौती ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**सीमान्त भारतीय शहरमा किनमेल हुन्छ । सीमापारिको उपभोक्ता मूल्य र वारिपट्टि ग्राहकले त्यही वस्तुका लागि तिर्नुपर्ने लागतको अन्तर यसको मूल कारण हो । यसले स्थानीय बजारलाई मार परेको छ । पारिबाट अवैधरूपमा भित्रिएका मालसामानले त्यस्तै खालका स्वदेशी उत्पादनलाई बजारमा सकस भएको छ ।**

सीमा क्षेत्र खासगरी प्रदेश २ उद्योग–व्यापारका दृष्टिले अति महत्त्वपूर्ण छ । मुख्य नाका वीरगंज र आयात–निर्यात लक्षित पूर्वाधारसँगै बारा/पर्सा क्षेत्रका उद्योग–व्यवसाय यो प्रदेशको आर्थिक उन्नतिको मुख्य आधार मानिएको छ, र हो पनि । नेपालको अर्थतन्त्र आयातमा आधारित छ । यहाँका अधिकांश उत्पादन पनि आयातको भरमा चलेका छन् । कच्चा पदार्थको आपूर्ति वैदेशिक व्यापार (आयात)मैं आधारित भएकाले पनि आजसम्म वीरगंज नाका सबैभन्दा ठूलो मानिन्छ । २ नम्बर प्रदेश यस्तो एकमात्र प्रदेश हो, जसका आठै जिल्लाको सिमाना भारतसित जोडिएको छ ।

भारतको बिहार राज्यसित प्रत्यक्ष सीमा गासिएको यो प्रदेशबाट भारतका उत्तर प्रदेश र पश्चिम बङ्गालसँगको आवागमन सहज छ । भारतका यी राज्यहरूले भारतको करीब ४० प्रतिशत जनसङ्ख्या समेटेर बसेकाले प्रदेश २ का लागि मात्र नभएर नेपालको समग्र उत्पादनका लागि सहज र महत्त्वपूर्ण बजार पनि हो । यो हाम्रोलागि महत्त्वपूर्ण अवसर हो । यो सम्भाव्यताको उपयोग हामीले कति गर्न सकेका छौं भन्ने प्रश्न त्योभन्दा बढी पेचिलो बन्दै गएको छ ।

सरकारी तथ्याङ्कले आयात–निर्यात अनुपात ९३:७ देखाउँछ । अर्थात् हामीले ९३ रुपैयाँको आयात गर्दा ७ रुपैयाँको निकासी गरिराखेका छौं । यसलाई सुधार्न भारतीय बजार सहयोगी हुन सक्थ्यो । विश्व अर्थतन्त्रमा उदीयमान अवस्थामा रहेको भारतीय बजारको सम्भावना उपयोगमा भने हामी निकै पछाडि परेका छौं । यथार्थमा हाम्रो तीन करोड जनसङ्ख्या भारतको लागि बजार बनेको छ । कुल वैदेशिक व्यापारमध्ये दुई तिहाइ व्यापार भारतसित छ, यसमा अधिकांश हिस्सा आयातकै छ ।

खुला सिमानाका सकारात्मक र नकारात्मक दुवै पक्ष छन् । उद्यम व्यापारलाई खुला सिमाना हुनुको फाइदा र बेफाइदा दुवै हुन्छ । खुला सिमानाको सम्भाव्यता दोहनलाई लक्षित गरेर विगतमा यहाँ तीनवटा लगानी सम्मेलन भए । २ नम्बर प्रदेश सरकारले दुईपटक र वीरगंजमा रहेको भारतीय महावाणिज्य दूतावासले एकपटक यस्ता सम्मेलन आयोजना गरे । तिनै सीमावर्ती भारतीय राज्य बिहार, उत्तर प्रदेश र पश्चिम बङ्गालका लगानीकर्ताको सहभागिता रहेको सम्मेलन त भयो, त्यसको उपलब्धि देख्न पाइएको छैन । त्यसपछि ती सम्मेलनका उपलब्धि के भए वा भएन भन्नेमा कुनै निकाय वा पक्षको ध्यान गएको देखिएन ।

२ नम्बर प्रदेशलाई आयात–निर्यात र लगानीको उर्वर सम्भाव्यतायुक्त प्रदेश मानिए पनि सरकारी तथ्याङ्कले यो देखाउँदैन । केन्द्रीय तथ्याङ्क विभागले २०७५ सालमा गरेको राष्ट्रिय आर्थिक गणना अनुसार देशभरिमा कुल ९ लाख २२ हजार औद्योगिक र व्यापारिक प्रतिष्ठान छन् । तीमध्ये २ नम्बर प्रदेशमा १ लाख १७ हजार ५८८ वटा प्रतिष्ठान छन् । यो समग्र प्रतिष्ठानको १३ प्रतिशतमात्रै हो । जबकि भौतिक र भौगोलिक पूर्वाधारमा कम सम्भाव्यता भनिएका १ र लम्बिनी प्रदेशमा २ नम्बर प्रदेशभन्दा बढी प्रतिष्ठान छन् । ती प्रदेशमा क्रमश: १८ र १६ प्रतिशत प्रतिष्ठान रहेको आर्थिक गणनाले देखाएको छ ।

सबैभन्दा बढी उद्योग र व्यापार प्रदेश ३ मा छन् । यो प्रदेशमा यस्ता प्रतिष्ठानको सङ्ख्या २ लाख ८२ हजार ५६ छ । यो कुल सङ्ख्याको ३० प्रतिशत हो । भौतिक र भौगोलिक पूर्वाधारमा अगाडि भएर पनि यसको अधिकतम उपयोगमा २ नम्बर प्रदेश किन पछाडि परेको होला ? यो प्रदेशमा औद्योगिक र व्यापारिक लगानीको परिमाण किन अपेक्षित परिमाणमा भित्रिएको छैन ? अब सम्भावनाको आलापले मात्र पुग्दैन, अपेक्षित लगानी आउन नसक्नुको कारणको खोजी पनि अपरिहार्य भइसकेको छ ।

भारतीय लगानीकर्ताले आफ्नै बजारमा सहज आपूर्तिका लागि पनि नेपालका सीमावर्ती क्षेत्रमा लगानी भित्र्याउन चाहेको कुरा सुनिन्छ । वीरगंज क्षेत्रमा खुलेको भारतीय लगानीको बहुराष्ट्रिय कम्पनी डाबर नेपाल यसको एउटा उदाहरण हो । सीमावर्ती भारतीय बजारमा आफ्ना उत्पादन सहजरूपमा पुऱ्याउन यो कम्पनीले यो क्षेत्रमा उद्योग खोलेको हो । वीरगंज उद्योग वाणिज्य सङ्घले प्रत्येक वर्ष डाबर नेपाललाई उत्कृष्ट निर्यातकर्ताको रूपमा सम्मानित गर्दै आएको छ । नेपालबाट निकासीमा प्राप्त हुने सहुलियत र सीमावर्ती भारतीय बजारमा सहजरूपमा आपूर्तिकै कारण भारतीय कम्पनी सीमा क्षेत्रका जिल्लामा खुलेको हो । तर त्यसयता यस्ता औद्योगिक उपक्रमहरूको निरन्तरता देख्न पाइएको छैन । एकाध प्रयास पनि असफल भएका उदाहरण छन् ।

२ नम्बर प्रदेशको वीरगंज क्षेत्र भौतिक र भौगोलिक हिसाबले आकर्षक भनिएको हो । अन्तर्राष्ट्रिय व्यापारका लागि नजीकको समुद्री बन्दरगाह, मध्यभागमा रहनुका कारण सहज पारवहन, नाकामा सुक्खा बन्दरगाह, एकीकृत जाँच चौकीजस्ता पूर्वाधारलाई वीरगंजको आर्थिक गतिविधिको मुख्य आधार मानिएको हो । यति भएर पनि पछिल्ला वर्षहरूमा वीरगंज क्षेत्रबाट व्यापार पश्चिमी नाकातिर गएको देखिएको छ ।

खुला सिमानामा रहनुका कारण सम्भावना मात्र हुँदैन, समस्या पनि हुन्छन् । समस्याको समाधान निकालेर सम्भाव्यताको अधिकतम दोहन गर्न सक्दा मात्रै त्यसको लाभ सम्भव हुने हो । भारतसँगको कुल १ हजार ७५० किलोमिटर सिमानामध्ये २ नम्बर प्रदेशको मात्रै ४६४ किलोमिटर सीमा खुला छ । नेपाल–भारत निकासी पैठारीका लागि सुगम मानिएको छ । तर खुला सिमानाका व्यापार तथा व्यवसाय चुनौतीपूर्ण पनि छ । खुला सिमानाको दुरुपयोग गरी गैरकानूनी व्यवसाय पनि हुँदै आएको छ ।

नेपाल राष्ट्र बैंकले केही वर्षअघि गरेको एक अध्ययन अनुसार भारतसित हुने कुल व्यापार आकारको ३५ प्रतिशत बराबरको हिस्सा जति अनौपचारिक माध्यमबाट भित्रिने गरेको छ । यो तथ्याङ्कलाई आधार मान्ने हो भने बर्सेनि करीब ३ खर्ब रुपैयाँ हाराहारीको अनौपचारिक आयात–निर्यात हुन्छ । यो राज्य संयन्त्रका लागि मात्र नभएर स्वयम् व्यवसायीका लागि पनि समस्या हो । अवैध आयातका कारण वैध व्यापारमा संलग्न उद्यमी सङ्कटमा परेका उदाहरणहरूको कमी छैन ।

सीमित व्यवसायीको बदनियतका कारण प्रदेश २ लाई आधार बनाएर उद्योग–व्यवसायमा लागेका थुप्रै उद्योगी/व्यापारीलाई सकस र मनोवैज्ञानिक दबाब खेप्नुपरेको छ । सीमावर्ती क्षेत्रको यो समस्या औसत उद्यमीमाथि आशङ्काको कारण बनेको छ । अत: यसको नियन्त्रण सरोकारका सरकारी निकायका लागि मात्र नभएर वैध व्यापारमा संलग्न उद्योगी–व्यापारीहरूको पनि चासोको विषय बन्नुपर्दछ ।

सीमान्त भारतीय शहरमा किनमेल हुन्छ । सीमापारिको उपभोक्ता मूल्य र वारिपट्टि ग्राहकले त्यही वस्तुका लागि तिर्नुपर्ने लागतको अन्तर यसको मूल कारण हो । यसले स्थानीय बजारलाई मार परेको छ । पारिबाट अवैधरूपमा भित्रिएका मालसामानले त्यस्तै खालका स्वदेशी उत्पादनलाई बजारमा सकस भएको छ । यसमा राज्यको नीति पनि दोषी छ । भन्सार महसूल र करबाट हुने केही आयका लागि उपभोक्तामाथि चरम शोषणको नीतिले अवैध व्यापार बढाएको छ । कुनै पनि वस्तुमा सीमावर्ती भारतीय उपभोक्ताले तिर्ने कुल करभन्दा नेपालीले बढी कर किन तिर्नुपर्ने ? यो प्रश्नको सापेक्ष नीतिगत समाधान खोजियो भने सीमा आरपारको अवैध गतिविधि स्वत: निरुत्साहित भएर जानेछ ।

भारतले वस्तु तथा सेवा करमार्फत करमा अग्रगामी पुनर्संरचना गरेको अवस्थामा हामी भने २५ वर्षअघिको कर नीति लादेर स्थायित्वको गफ चुटिराखेका छौं । भारतको उपभोक्ता मूल्यसँग मिल्ने गरी अप्रत्यक्ष करको तालमेल मिलाउन नसक्दासम्म खुला सिमाना भएको ठाउँमा अनौपचारिक गतिविधिलाई रोक्न सकिन्न । वैदेशिक व्यापारलाई व्यवस्थित र मर्यादित बनाउनु सरोकारका सबै पक्षको दायित्व हो ।

समयक्रमसँगै प्रविधिको प्रयोगले वैदेशिक व्यापारलाई तुलनात्मक पारदर्शी बनाउँदै लगेको छ । कतिपय यस्ता छिद्रहरू पनि छन्, जसको दुरुपयोग अझै रोकिएको छैन । कानूनी व्यवस्था अनुसार नियन्त्रण र सहजीकरणका निकाय खटिएका छन् । यस्ता निकायका आआफ्नै सीमा हुन्छन् । सीमावर्ती क्षेत्रलाई अर्थ–सामाजिक दृष्टिकोणबाट मर्यादित र व्यवस्थित बनाउनु साझा सरोकार हो भने यसका निम्ति संयुक्त कार्यविधिको खाँचो छ, जसले यस क्षेत्रका यस्ता सरोकारहरूलाई सहजीकरण गर्न सकोस् ।

# पोस्ट कोभिडका बिरामी बढ्दै

चितवन, २६ असार/रासस

कोभिड–१९ सङ्क्रमितको सङ्ख्या केही न्यून भएपनि पोस्ट कोभिडका बिरामी भने बढ्दै गएका छन् । कोभिड निको भएपछि पोस्ट कोभिडको समस्या आएको हो ।

यकीन तथ्याङ्क नभए पनि उपचारमा संलग्न चिकित्सकका अनुसार पोस्ट कोभिडका बिरामी बढ्दो सङ्ख्यामा छन् । भरतपुर अस्पताल विकास समितिका अध्यक्ष रहेका फिजिसियन डा भोजराज अधिकारीले कोभिड भएर अस्पतालमा रहेकामध्ये ५० प्रतिशत पुन: परीक्षणका लागि आउने गरेका बताए । तीमध्ये आधामा केही न केही समस्या देखिने गरेको उनको भनाइ छ ।

अस्पताल भर्ना नभई घरमैं उपचार गरेका पनि समस्या लिएर आउने गरेका उनले जानकारी दिए । डा अधिकारीका अनुसार दैनिक यस खालका बिरामी अस्पतालमा आउने गरेका छन् । कोभिड निको भएपछि खोकी लागिरहने, श्वासप्रश्वासमा समस्या भइरहने जस्ता समस्या लिएर बिरामी आउने गरेका छन् । परीक्षण गर्दा कोभिड नेगेटिभ देखिने तर लक्षण भने बाँकी नै रहने समस्या देखिने गरेको बताइएको छ ।

उनले भने, "कोभिडपछि निमोनिया लामो समयसम्म रहिरहन्छ, छाति सफा हुन समय लाग्छ ।" दमका पुराना बिरामीको पहिलेको भन्दा कोभिडपछि केही जटिल अवस्था हुने गरेको छ । उनले भने, "कोभिड पहिले दमको समस्या दुई नम्बर थियो भने कोभिडपछि तीन नम्बर हुने गर्दछ, दम नियन्त्रणमा थियो, त्यही अवस्थामा भएन भनेर परीक्षण गर्न आउने पनि छन् ।"

शरीर गल्ने, आलस्य हुने, खान रुचि नहुने, रिङ्गटा लाग्ने, छाति दुख्ने, शरीर गह्रौं हुने जस्ता समस्या लिएर पनि बिरामी आउने गरेका छन् । कतिपय बिरामीले समस्या भएको बताए पनि परीक्षण गर्दा केही पनि नदेखिने गरेको अधिकारीको भनाइ छ । उनले भने, "कतिपयलाई मनोवैज्ञानिक समस्या हुन्छ, कुनै समस्या नभए पनि बिरामी भएको अनुभूति गर्ने गर्दछन् ।"

कतिपय बिरामीलाई कोभिडपछि मधुमेह नघट्ने समस्या पनि देखिने गरेको छ भने कतिपयलाई स्टेरोएड औषधिका कारण रगतमा चिनीको मात्रा बढी हुने गरेको छ । कलेजोको इन्जाएम बढेर वाकवाकी हुने समस्या लिएर बिरामी आउने गरेका डा अधिकारीको भनाइ छ ।

पोस्ट कोभिडका बिरामीमा फोक्सो सुक्ने र कक्रिने समस्या आउने गरेको बताइएको छ । लामो समय अक्सिजन लगाएका बिरामीमा शरीरलाई चाहिने पौष्टिक तत्त्व कम हुने हुँदा समस्या देखिने गरेको छ । कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल भरतपुरका कोभिड टिमलिडर डा पुकार घिमिरे यस्ता बिरामी नियमित आउने गरेका बताउँछन् । उपचारपछि पुन: स्वास्थ्य परीक्षण गर्न आउँदा धेरैजसोको फोक्सोमा निमोनिया सुधार भई नसकेको अवस्थामा आउने गरेको बताइएको छ । सुधारोन्मुख हुँदै गर्दा थप केही भइहाल्छ कि भन्ने आशङ्का लिएर बिरामी आउने गरेका उनको भनाइ छ ।

बिरामीलाई थकान महसूस हुने, हातखुट्टा गल्ने, शरीर गलेर काम गर्न नसक्ने, खोकी लागिरहने जस्ता समस्या पनि देखिने गरेको उनी बताउँछन् । पोस्ट कोभिडका बिरामीको फोक्सोमा ढुसीको सङ्क्रमण रहने र त्यसबाट खकारमा रगत आउने समस्या लिएर बिरामी आउने गरेका छन् । मुटुको चाल छिटोछिटो घटबढ हुने समस्या पनि हुने गरेको बताइएको छ ।

चितवन मेडिकल कलेजका मनोरोग विशेषज्ञ प्राडा सिपी सेढाईं कोभिडपछि मनोरोगको समस्या लिएर बिरामी आउने गरेका बताउँछन् । परीक्षणका लागि आउने बिरामीमध्ये १५ प्रतिशत हाराहारी पोस्ट कोभिडका रहेका उनको भनाइ छ । ठूला–ठूला घटना देखेपछि डराएर समस्या देखिए जस्तै गरी पोस्ट कोभिडका बिरामी अस्पताल आउने गरेका सेढाईं बताउँछन् । त्यस्ता बिरामीलाई सम्झाइबुझाइ गर्ने र आवश्यक देखिएमा औषधि दिने गरिएको सेढाईंको भनाइ छ ।

चितवन मेडिकल कलेजले पोस्ट कोभिडका बिरामीका लागि छुट्टै उपचारको व्यवस्थापन गरेको छ । सो विभागमा नियमित बिरामी आउने गरेका कलेजले जनाएको छ । जिल्लामा यहाँभन्दा धेरै बिरामी बाहिरी जिल्लाबाट आउने गरेका छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# हैटीमा अस्थिरताको खतरा भएको भन्दै हैटीको सरकारद्वारा सहयोगका लागि राष्ट्रसङ्घसँग आग्रह

पोर्ट–ओ–प्रिन्स, हैटी, २६ असार/एएफपी

राष्ट्रपति जोभेनल मोइजको हत्यापछि सङ्कटबाट प्रभावित क्यारिबियन राष्ट्र हैटीमा अस्थिरता मौलाउने खतरा देखिएको भन्दै त्यहाँको अन्तरिम सरकारले संयुक्त राष्ट्रसङ्घ र संयुक्त राज्य अमेरिकालाई आफ्नो बन्दरगाह, एयरपोर्ट र अन्य रणनीतिक स्थल सुरक्षित राखिदिन आग्रह गरेको हैटीका एक उच्च अधिकारीले बताएका छन् ।

हैटीका राष्ट्रपति मोइजलाई गत बुधवार गोली हानी हत्या गरिएको थियो। मोइसलाई उनको घरमा गोली हानी हत्या गरिएको दुई दिनपछि संयुक्त राज्यले एफबिआई र अन्य एजेन्टहरू पोर्ट–ओ–प्रिन्स पठाउने कुरा गरिसकेको छ ।

निर्वाचनमन्त्री म्याथियस पियरेले भने, “हैटीका राष्ट्रपति मोइजको हत्याकाण्डपछि सेनाले अराजकता पैदा गर्नका लागि केही पूर्वाधार नष्ट गर्न सक्छ भन्ने लागेको छ। अमेरिकी विदेश सचिव र संयुक्त राष्ट्रसङ्घीय अधिकारीबीचको वार्तापछि हामीले हैटी सरकारलाई आवश्यक सहयोग गर्ने अनुरोध गरेका हौं ।”

अमेरिकी विदेश विभाग र पेन्टागन दुवैले ‘सुरक्षा र अनुसन्धान सहयोग’ को लागि अनुरोध प्राप्त भएको पुष्टि गरेका छन् तर शान्ति सेना खटाउने भनेर प्रस्ट सूचना भने दिएका छैनन् । यद्यपि अधिकारीहरू पोर्ट–ओ–प्रिन्सको सम्पर्कमा रहेको उनीहरूले बताए ।

संयुक्त राष्ट्रसङ्घले यसबारे प्रतिक्रियाको लागि अनुरोधप्रति तत्काल स्पष्ट प्रतिक्रिया दिन अस्वीकार गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका कूटनीतिक स्रोतले सुरक्षा परिषद्को प्रस्तावलाई हैटीवासीले भनेको जस्तै गर्न आवश्यक भएको सङ्केत गरेको थियो ।

वाशिङ्टनले हैटीको अनुसन्धानमा मदत गर्ने आफ्नो इच्छाप्रति सङ्केत गरिसकेको छ र ह्वाइट हाउसका प्रवक्ता जेन सासाकीले वरिष्ठ एफबिआई र अन्य अधिकारी सकेसम्म चाँडो क्यारेबियन मुलुक हैटीतर्फ लाग्ने शुक्रवार बताएका छन् ।

क्रूर हत्याको योजना कसले बनाए होला भनेर प्रश्न उब्जिएको छ। हत्यामा संलग्न रहेको आरोपमा कोलम्बियाली तथा अमेरिकी केही व्यक्तिलाई हिरासतमा लिइएको छ वा कारबाहीमा मारियो भन्ने सार्वजनिक गरिएको छैन। हत्यापछि केही अमेरिकी तथा कोलम्बियाली सदस्यलाई सुरक्षा नियन्त्रणमा लिइएको सूचना हैटीका सञ्चारमाध्यमले बाहिर ल्याएका थिए ।


हत्या गरिएका हैटीका राष्ट्रपति जोभेनल मोइज । तस्वीरः एएफपी

अनिश्चितताको बीचमा तीन व्यक्तिलाई ११ करोड जनसङ्ख्या भएको देश हैटीको सम्भावित नेताको रूपमा खडा गरिएको छ । त्यहाँ कुनै संसद् छैन।

राष्ट्रपतिको हत्यापछि सुनसान राजधानीमा षड्यन्त्रको आशङ्काबीच सडक तथा पसलमा चहलपहल बढेको छ भने सार्वजनिक यातायात पुनः शुरू भएको छ ।

अस्थिरताको सङ्केत देखिंदा नागरिक सुपरमार्केटमा आधारभूत आवश्यकताका सामान खरीद गर्न र भण्डारण गर्न, खाना पकाउन ग्यास किन्न लामबद्ध हुन थालेका छन् ।

भोलि के हुन्छ हामीलाई थाहा छैन। दुर्दिनको अनुमानबीच नागरिकले आफ्नो छाक टार्ने तयारी गरिरहेका छन्, एक स्थानीयले पोर्ट–ओ–प्रिन्समा सामान किन्दै गर्दा प्रतिक्रिया दिए ।

विगतमा फ्रान्सको अधीनस्थ यो कोलोनीमा विभिन्न समूहबीच शुक्रवार झडप भएको थियो । यसका कारण राजमार्गसमेत प्रभावित बनेका थिए ।

यस हत्याको दिन बित्दै जाँदा अफ्रिकाको सबैभन्दा गरीब देशका धेरै मानिसले न्यायको माग गरिरहेका छन्।

राजधानीका बासिन्दाले एएफपीलाई भने, “विदेशी यो अपराध गर्नका लागि देशमा आएका थिए । हामी हैटीवासी यसबाट विचलित भएका छौं। घटनाको पछाडि कसको हात छ, हामी यो जान्न चाहन्छौं ।”

प्रहरीले २८ जना कोलम्बियाली तथा अमेरिकी समूहले आक्रमण गरेको तर यसको मुख्य योजनाकारको खोजी भइरहेको प्रहरीले जनाएको छ । छानबिनका लागि मोइजको सुरक्षार्थ खटाइएका सुरक्षा टोलीलाई अदालतमा उपस्थित हुन भनिएको छ ।

हैटीका राष्ट्रपति मोइजको उनकै सुरक्षा सहयोगीद्वारा हत्या भएको हैटीका पूर्वसांसदले यहाँको म्याजिक–नाइन रेडियोसँगको कुराकानीमा बताए । उनले हत्यारा विदेशी नभएको दाबी पनि गरे । रासस

# मेलम्ची बजारलाई सुरक्षित स्थानमा व्यवस्थापन गरिनेछ –प्रम ओली

काठमाडौं, २६ असार/रासस

प्रधानमन्त्री केपीशर्मा ओलीले बाढी प्रभावित मेलम्ची बजारको बस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरी त्यस ठाउँमा तरकारी तथा फलफूल खेती गरिने योजनाबारे जानकारी दिए ।


मेलम्ची बजारको अवलोकन गर्दै प्रम ओली । तस्वीरः रासस

सुरक्षित स्थानमा व्यवस्थापन गरिने बताएका छन् । प्रधानमन्त्री ओलीले शनिवार बाढी प्रभावित मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकालगायत क्षेत्रको स्थलगत अवलोकन गर्दै मेलम्ची बजारले भोगिरहेको प्राकृतिक क्षतिको दीर्घकालीन समाधान खोज्दै बजारलाई अन्यत्र

उनले राजनीतिक आस्थाभन्दा माथि उठेर मानवीयरूपमा बाढी प्रभावितलाई सहयोग गर्न सबै राजनीतिक दल र सङ्घसंस्थालाई आह्वान पनि गरे । प्रधानमन्त्री ओलीले भने, “विपत्का समयमा राजनीति गर्नु उचित होइन, यस समयमा सबै मिलेर सहयोग गर्नुपर्छ, सक्रियताका साथ एकताबद्ध भएर समस्याको समाधान खोज्नुपर्छ ।”

उनले बाढी प्रभावितका लागि विभिन्न सङ्घसंस्था र व्यक्तिद्वारा वितरण गरिएको राहत लक्षित समुदायसम्म पुग्न नसकेकाले एकद्वार प्रणालीबाट मात्रै वितरण गर्न आह्वान गरे । उनले राहत वितरणभन्दा पनि सामाजिक सञ्जालमा प्रचार मात्रै बढी हुने गरेको बताउँदै राहत वितरणका नाममा विभिन्न धर्मको प्रचारप्रसार नगर्न पनि अनुरोध गरे ।

प्रधानमन्त्री ओलीले बाढी प्रभावित मेलम्चीका सडक, पुललगायत पूर्वाधारको पुनर्निर्माणको काम तीव्ररूपमा अगाडि बढाइने प्रतिबद्धता पनि व्यक्त गरे । प्रधानमन्त्री ओलीले मेलम्ची बजारमा रहेको चन्द्रशम्शेरद्वारा निर्मित झोलुङ्गे पुललाई संरक्षण गर्नुपर्नेमा पनि जोड दिए ।

उनले मेलम्ची खानेपानी आयोजनाको पुनर्निर्माण गरेर कम्तीमा यस वर्षभित्र काठमाडौं उपत्यकाभित्र पानी ल्याउने व्यवस्था मिलाइने बताए । उनले भने, “राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजना धेरै वर्ष लगाएर सम्पन्न भएकाले पुनर्निर्माणमा लामो समय लगाउनुहुँदैन ।” आयोजनाको सुरुङ परीक्षण भइरहेकाले त्यसमा क्षति कम भएको उनको भनाइ थियो ।

# भन्सार छलीको १५ सय किलो भुटेको चना बरामद

प्रस, वीरगंज, २७ असार/

बारा प्रहरीले ६२ बोरामा रहेको साढे १५ सय किलो भुटेको चना बरामद गरेको छ । बारा, विश्रामपुर गापा–३ बाट बेवारिसे अवस्थामा उक्त चना बरामद गरेको प्रहरीले जनाएको छ । उक्त भुटेको चनाको बजार भाउ करीब १ लाख १६ हजार रहेको छ ।

बिहीवार राति ११:५० बजे जिल्ला प्रहरी कार्यालय र प्रहरी चौकी मुसहर्वा बाराबाट खटिएको संयुक्त टोलीले गस्तीको क्रममा चना बरामद गरेको थियो ।

सो भुटेको चना शुक्रवार आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले बताए । बारा प्रहरीले चना कुन गाडीमा कसले ल्याएको भन्नेबारेमा खुलाएको छैन ।



प्रहरीले बरामद गरेको भुटेको चना । तस्वीर सौजन्य : जिप्रका

# अमेरिकाद्वारा १४ चिनियाँ कम्पनीलाई प्रतिबन्ध सूचीमा थप

वाशिङ्टन, अमेरिका, २६ असार/एएनआई

अमेरिकी सरकारले शुक्रवार थप १४ चिनियाँ कम्पनीलाई व्यापार प्रतिबन्धको सूचीमा राख्ने निर्णय गरेको छ ।

सिनच्याङ उइगुर क्षेत्रमा मानव अधिकार उल्लङ्घनमा उनीहरूको संलग्नता हुनुको कारण ती कम्पनीलाई प्रतिबन्धको सूचीमा राखिएको एनएचके वर्ल्डले अमेरिकी वाणिज्य विभागलाई उद्धृत गर्दै सम्प्रेषित समाचारमा उल्लेख छ। धेरै चिनियाँ कम्पनीले उच्च प्रविधि निगरानी प्रणाली प्रस्ताव गरेका कम्पनी पनि अमेरिकाको यो सूचीको हिस्सा भएका छन् । एनएचके वर्ल्डले रिपोर्ट गरे अनुसार प्रतिबन्धित यी कम्पनीले चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी)को उइगुर र यस क्षेत्रका अन्य जातीय अल्पसङ्ख्यक समुदायविरुद्ध सामूहिक हिरासत र उच्च प्रविधिको निगरानीको अभियानलाई सक्षम पारेको आरोप अमेरिकाको छ ।

रिपोर्ट अनुसार अमेरिकी वाणिज्यमन्त्री जीना राइमन्डोले अमेरिकी मन्त्रालय सिनच्याङमा मानव अधिकार उल्लङ्घन गर्ने संस्थालाई लक्षित गर्न कडा र निर्णायक कदम चाल्न प्रतिबद्ध रहेको बताएकी छन् ।

बाइडेन प्रशासनले ‘बेइजिङको मानव अधिकार उल्लङ्घन’ विरुद्ध कडा कदम चालेको एनएचकेले बताएको छ । दुई महीनाअगाडि अमेरिकाले पाँच चिनियाँ सौर्य प्यानल कम्पनीलाई सिनच्याङ–उइगुर क्षेत्रमा जबरजस्ती श्रम प्रयोग गरेको आरोप लगाउँदै प्रतिबन्धित सूचीमा जोडेको थियो ।

चिनियाँ सरकारले उक्त आरोपलाई अस्वीकार गर्दै यी प्रतिबन्ध झूटा आरोपमा आधारित रहेको बताएको पनि एनएचके वर्ल्डद्वारा सम्प्रेषित समाचारमा उल्लेख छ ।

चीनले उइगुर मुसलमानलाई असमान व्यवहार नगरेको दाबी गर्दै आएको छ। यद्यपि अमेरिकालगायत उसका सहयोगी राष्ट्रहरूले उइगुर मुसलमान समुदायलाई शिविरमा सामूहिक हिरासतमा राखेर उनीहरूको धार्मिक गतिविधिमा हस्तक्षेप गरेको र समुदायका सदस्यलाई दुःख दिएको बताउने गरेका छन् ।

अर्कोतर्फ सिसिपीले सिन्चियाङमा उइगुरविरुद्ध मानव अधिकार हननका घटना नभएको कुरामा जोड दिंदै कडा शब्दमा अमेरिकी निर्णयको विरोध गरेको छ । रासस

# मेघगर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना

काठमाडौं, २६ असार/रासस

देशभर मनसूनी वायुको प्रभाव रहेकाले हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनाका साथै केही स्थानमा मेघगर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै भारी वर्षाका कारण पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहनाका साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने र दैनिक जीवन/यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ ।

आज देशभर सामान्यदेखि पूर्ण बदली रहनाका साथै प्रदेश नं १, वाग्मती प्रदेश, गण्डकी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्का वर्षा भएको छ ।

महाशाखाको आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिन अनुसार आज दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । प्रदेश नं १, वाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, वाग्मती प्रदेश र सुदूरपश्चिम प्रदेशका एक वा दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ ।

रातिको समयमा बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

प्रदेश नं १, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना रहेको छ ।

आइतवार देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, वाग्मती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना रहेको छ ।

सेल्सम्यान चाहियो
* कम्तीमा ५ वर्षको मार्केटिङ अनुभव भएको।
* मोटरसाइकलको सवारी चालक अनुमतिपत्र भएको ।
हिमाली केमिकल एन्ड परफ्युमरी उद्योग
सम्पर्क : ९८५५०२१९४७

## आजको राशिफल

| | |
|---|---|
| मेष: उदपीडा | वृष: विजय |
| मिथुन: कान्तिक्षय | कर्कट: भाग्योदय |
| सिंह: बेचैनी | कन्या: मनोरञ्जन |
| तुला: कर्मप्राप्ति | वृश्चिक: राज्यलाभ |
| धनु: वादविवाद | मकर: यात्रालाभ |
| कुम्भ: शत्रुभय | मीन: ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# भारतमा पेट्रोलियम पदार्थको मूल्य फेरि बढ्यो

नयाँ दिल्ली, भारत, असार २६/एएनआई

भारतमा इन्धनको मूल्य शनिवार पुनः बढेको छ ।

शनिवार सङ्घीय राजधानी नयाँ दिल्लीमा पेट्रोल र डिजेलको खुद्रा बिक्री क्रमशः १०० रुपैयाँ ९१ पैसा र ८९ रुपैयाँ ८८ पैसा (भारु) प्रतिलिटर कायम भएको छ । दिल्लीमा पेट्रोल यसअघिभन्दा ३५ पैसा र डिजेल २६ पैसाले वृद्धि भएको छ ।

अन्य राज्यले पनि पेट्रोल र डिजेलको मूल्य बढाएका छन् । देशभर मूल्य बढाइएको भएपनि मूल्य अभिवृद्धि करको कारण फरक–फरक राज्यमा मूल्यमा पनि भिन्नता देखिएको छ। महाराष्ट्रको राजधानी मुम्बईमा पेट्रोलको मूल्य प्रतिलिटर १०६ रुपैयाँ ९३ पैसा कायम भएको छ भने डिजेलको मूल्य प्रतिलिटर ९७ रुपैयाँ ४६ पैसा पुगेको छ ।

उत्तर प्रदेशका भाजपा राज्यसभा सांसद हरदीप सिंह पुरीले बिहीवार केन्द्रीय पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्रीको पदभार लिएका थिए । मन्त्रीको जिम्मेवारी सम्हालेसँगै उनले कच्चा तेल र प्राकृतिक ग्यासको स्वदेशी उत्पादन बढाउने बताएका थिए ।

उनले भने, “हाम्रो ध्यान कच्चा तेल र प्राकृतिक ग्यासको बढ्दो घरेलु उत्पादनमा केन्द्रित हुनेछ । प्रधानमन्त्री नरेन्द्र मोदीको एक आत्मनिर्भर भारतको अवधारणाअनुरूप हामी मुलुकमा प्राकृतिक ग्यास आधारित अर्थतन्त्रको विकासतर्फ काम गर्नेछौं ।” रासस

## वर्गीकृत विज्ञापन





# छिपहरमाई–३ पूर्ण खोप वडा घोषित

प्रस, पोखरिया, २६ असार/

पर्साको छिपहरमाई गाउँपालिका वडा नं ३ पूर्ण खोप वडा घोषित भएको छ। शनिवार सो गाउँपालिकाले कार्यक्रम आयोजना गरी पूर्ण खोप वडा घोषणा गरेको हो।




वडा नं ३ को जयमङ्गलापुरमा आयोजित घोषणासभा वडाध्यक्ष विनोदप्रसाद कानुको अध्यक्षतामा भएको थियो । कार्यक्रमका प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष मनो कुमार गुप्ताले पालिकाका सबै वडालाई क्रमशः पूर्ण खोप वडा घोषणा गरिने बताए।

सो अवसरमा वडा नं १ देखि ५ सम्मका अध्यक्ष, कार्यपालिका सदस्य, महिला स्वयंसेवी, स्वास्थ्यकर्मीलगायतको सहभागिता थियो। खोप अभियान तथा स्वास्थ्य सेवामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै पालिका अन्तर्गतका स्वास्थ्य चौकी इन्चार्ज पाँचजना र खोप कार्यकर्ता १० जना गरी १५ जनालाई गापा अध्यक्ष गुप्ताले कदरपत्रसहित सम्मान गरेका थिए ।

सो वडामा जन्मेदेखि २३ महीना उमेर समूहका बालबालिका सबैलाई आवश्यक खोपको मात्र पूरा गरी पूर्ण खोप वडा घोषणा गरिएको छिपहरमाई गाउँपालिका स्वास्थ्य शाखा इन्चार्ज शम्भु साहले बताए।



बारा जिल्ला परवानीपुर गाउँपालिका अन्तर्गत धान रोपाइँका लागि खेत तयार गर्दै किसान। तस्वीरः राधेश्याम पटेल

# ठाराब क्याम्पसमा अनिश्चितकालीन तालाबन्दी

प्रस, वीरगंज, २६ असार/

ठाकुर राम बहुमुखी क्याम्पस वीरगंजमा तालाबन्दी गरिएको छ। नेकपा एमालेनिकट विद्यार्थी सङ्गठन अनेरास्ववियुको अगुवाइमा शुक्रवार दिउँसोदेखि अनिश्चितकालीन तालाबन्दी गरिएको हो।


तस्वीरः सौजन्य

परीक्षा शाखामा कार्यरत कर्मचारीले अनियमितता गरेको र विद्यार्थीमाथि विभेद गरेको आरोप लगाउँदै एकाइ अध्यक्ष आसिफ अहमद नेतृत्वको टोलीले शुक्रवार साँझ ४ बजे तालाबन्दी गरेको हो। क्याम्पस प्रमुख उमेश चौरसियाको कार्यकक्ष र परीक्षा शाखामा तालाबन्दी गरिएको छ। "हाम्रै आँखाअगाडि एकजना विद्यार्थीको प्रमाणपत्र तथा आवश्यक कागजात नहुँदा काम नगरेको र कुनै नेतालाई फोन गर्दा नेताले पठाएको व्यक्तिलाई विनाप्रमाणपत्र फाराम बुझियो," उनले भने, "तर हामीले आइतवार प्रमाणपत्र ल्याइदिन्छौं भन्दा पनि हाम्रो फाराम बुझिएन। यो सरासर विभेद हो।"

पहुँच हुने विद्यार्थीलाई नियम नलाग्ने र पहुँच नभएका विद्यार्थीहरूलाई भने दुःख दिने परिपाटी कदापि सह्य नहुने भन्दै यस्तो गतिविधि रोक्न क्याम्पस प्रशासनको ध्यानाकर्षण गराइएको छ। सो मुद्दामा ऐक्यबद्धता जनाउँदै जनता समाजवादी पार्टी (जसपा)को विद्यार्थी सङ्घ पर्साका अध्यक्ष फिरोज बादशाह, विद्यार्थी नेता प्रकाश रौनियारलगायतको तालाबन्दीमा सहभागिता थियो।

सो सम्बन्धमा ठाकुर राम बहुमुखी क्याम्पसका प्रमुख उमेश चौरसियाले विद्यार्थीहरूले ताला लगाउन हतार गरेको टिप्पणी गरे। क्याम्पस प्रमुख चौरसियाले घटनाबारेमा दुवै पक्षसँग बुझेर यदि कर्मचारीको गलती भए सम्झाउने र विद्यार्थीहरूको मागलाई सम्बोधन गर्ने बताए।






## भानुभक्त आचार्य नेपाली....

साहित्यको धेरै किसिमले प्रतिनिधित्व गरेको बताउँदै यस कृतिले आदिकविको अन्तर्राष्ट्रियकरण गरेको बताएका छन्।

दुई सय वर्ष पहिलेको समाज लेखिएको भानुका कृतिहरूको समालोचना अहिलेको समाजको आधारमा गर्न त्यत्ति स्वाभाविक नहुने प्रभा आचार्य भट्टराईले बताउँदै भानुभक्तको योगदानको मूल्याङ्कन तत्कालीन समाज र संस्कृतिको आधारमा गरिनु न्यायपूर्ण हुने बताएकी छन्।

प्रा ज्ञानु अधिकारीले भानुभक्तको जीवनी र योगदानको चर्चा गर्दै कतिपयले भानुभक्तको वधूशिक्षा भन्ने कृतिको कडा आलोचना गर्ने गरेकामा त्यसमा व्यक्त गरिएको विचारलाई तत्कालीन समाजको इतिहासको रूपमा स्वीकार गर्नुपर्ने बताउँदै उक्त कृतिलाई तत्कालीन समाजको अवशेषको रूपमा पनि स्वीकार गर्नुपर्ने तर्क दिएकी छन्।

भानु प्रतिष्ठानका अध्यक्ष प्राडा व्रतराज आचार्यले आदिकविको पारिवारिक जीवन, सामाजिक तथा अन्य प्रभावको विस्तृत परिचर्चा गर्दै आदिकविले नेपाली जातित्वको निर्माण गरेको बताएका छन् । आदिकविको परिवारको तत्कालीन राज्यसत्तामा पनि पहुँच रहेको पनि प्राडा आचार्यले स्पष्ट पारेका छन्।

कार्यक्रमलाई सम्बोधन गर्दै इन्स अध्यक्ष अर्जुन उप्रेतीले कार्यक्रमलाई निकै फलदायी रहेको बताउँदै इन्स विभिन्न देशमा फैलिइसकेको बताएका छन् । अध्यक्ष उप्रेतीले अन्तर्राष्ट्रिय नेपाली चिन्तन केन्द्रको स्थापना हुने सङ्केत पनि गरेका छन्।

इन्सको भाषा तथा साहित्य समिति अध्यक्ष डा जानुका नेपाल पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा प्राज्ञ देवी नेपाल, कविता राई, लोचन भट्टराई, प्रकाश सिलवाललगायतले विभिन्न सन्दर्भका रचना वाचन गरेका थिए। दुई दिवसीय कार्यक्रममा सर्जकहरूको रचना वाचनको मुख्य कार्यक्रम आइतवार राखिएको आयोजकले जनाएको छ।

# सुनकाण्ड : सिन्हासँग डाबर नेपालको सम्बन्ध उजागर

राधेश्याम पटेल, परवानीपुर, २६ असार/

२३ किलो सुन प्रकरणमा साढे १८ करोड रुपैयाँ राजस्व चुहावटको मुद्दा खेपिरहेका रक्सौलका व्यवसायी अशोक सिन्हाको संलग्नता बहुराष्ट्रिय कम्पनी डाबर नेपालसँग रहेको पाइएको छ। बिहार, पूर्वी चम्पारण रक्सौल विधानसभा क्षेत्रबाट भारतीय जनता पार्टीबाट निर्वाचित विधायक प्रमोदकुमार सिन्हाका भाइ अशोक सिन्हा भन्सार क्लियरिङ एजेन्टको काम गर्छन्। उनी बहुराष्ट्रिय कम्पनी डाबर नेपालको रक्सौल भन्सारमा क्लियरिङ एजेन्टको काम गर्ने आधिकारिक व्यक्ति हुन्। सिन्हाले हालसम्म डाबर नेपालसँगको कारोबार जारी राखेका छन्। डाबर नेपालले आयात गर्ने कच्चा पदार्थ र नेपालबाट भारत तथा अन्य मुलुकमा निर्यात हुने रियल जूस, च्यवनप्राश, जडीबुटीलगायतको रक्सौल भन्सारमा क्लियरिङ एजेन्टको काम गरिरहेको भन्सार स्रोतले जनाएको छ।


अशोक सिन्हा

राजस्व विभागले अशोक सिन्हा र निजकी छोरी निवेदिता सिन्हामाथि १८ करोड ६३ लाख रुपैयाँ राजस्व चुहावटसम्बन्धी मुद्दा अदालतमा दायर गरेको छ। करीब तीन महीनाको अनुसन्धानपछि राजस्व अनुसन्धान कार्यालय पथलैयाले सिन्हा परिवारमाथि साढे १८ करोड रुपैयाँ बिगोसहित कैद जरिवानाको माग गर्दै उच्च अदालत अस्थायी इजलास वीरगंजमा डेढ महीनाअघि मुद्दा दायर गरेको जनाएको छ।

राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख टङ्क पाण्डेका अनुसार रक्सौलका बासिन्दा सिन्हा र निजकी छोरीको खोजी कार्य गरे तापनि फेला नपरेको, फेला परेको सुनसम्बन्धी बिलबिजक पेश नगरिएपछि अदालतमा मुद्दा दायर गरिएको हो। सिन्हा र निजकी छोरी बस्ने वीरगंज–५ रेशमकोठीस्थित गणेश अपार्टमेन्टको तेस्रो तलाको ३०३ नम्बरको फ्ल्याटबाट गत असोज ३० गते २३ किलो ९ सय ९७ ग्राम सुन र सुनको गहना तथा केही चाँदीका गहनासमेत बरामद भएको थियो।

तत्कालीन पर्सा प्रहरी प्रमुख गङ्गा पन्तको टोलीले बरामद गरेको उक्त सुन राष्ट्र बैंकमा राजस्व अनुसन्धानमार्फत बुझाइसकिएको र अन्य कागजातको अनुसन्धानबाट सिन्हा परिवारले सिद्धार्थ बैंकमार्फत करोडौं रुपियाँको कारोबार गरेको राजस्व चुहावटसम्बन्धी अभियोग पत्रमा उल्लेख छ।

डाबर नेपालका मानव संसाधन प्रबन्धक मनोज भगतसँग यसबारेमा बुझ्दा आफूले पनि अशोक सिन्हाको सुनकाण्डबारे सञ्चारमाध्यमबाट थाहा पाएको बताए। उनले सिन्हाको डाबर नेपालसँगको कारोबारबारे विस्तृत जानकारी नभएको भन्दै यदि उनको कम्पनीसँग काम भइरहेको रहेछ भने आगामी दिनमा उनीसँगको सम्झौता रद्द गराउने बताए।

### कहाँ छन् सिन्हा र निजकी छोरी

सुन प्रकरणमा फरार भई साढे १८ करोड राजस्व हिनामिनाको मुद्दा खेपिरहेका भारतीय भन्सार क्लियरिङ एजेन्ट अशोक सिन्हा हाल रक्सौलमैं बसिरहेको सूचना प्राप्त भएको छ। भारतीय सत्तारूढ दल भारतीय जनता पार्टी रक्सौलका विधायक प्रमोदकुमार सिन्हाका भाइ भएकाले उनलाई राजनीतिक संरक्षण रहेको रक्सौलका बुद्धिजीवीहरू बताउँछन्। निजकी छोरी निवेदिता सिन्हाको चार महीनाअघि विवाह भएर भारतको उत्तराखण्ड राज्यको नैनीतालमा बसोबास गरिरहेकी छन्।

# कालिकामाईका दलित तथा विपन्नलाई राहत प्रदान

प्रस, वीरगंज, २६ असार/

आवर संसारको सहयोग तथा दिव्य युवा क्लब बिरन्चीबर्वा पर्साको समन्वयमा कालिकामाई गाउँपालिका–५ बलुवामा राहत वितरण गरिएको छ। दलित तथा विपन्न ६२ घरधुरीका लागि शनिवार राहत वितरण गरिएको हो।



तस्वीरः सौजन्य

राहत सामग्रीमा प्रतिपरिवार सोना मन्सुरी चामल १ बोरा, मसुरो दाल ३ किलो, खानेतेल १ लिटर, सोयाबिन १ किलो, चना १ किलो, नून १ किलो, पीठो ५ किलो, नुहाउने साबुन ३ थान र कपडा धुने साबुन ३ थान रहेको दिव्य युवा क्लब, पर्साका अध्यक्ष देवनाथ ठाकुरले जानकारी गराए।

कार्यक्रममा क्लबका सचिव जयनारायणप्रसाद कुर्मी, कार्यसमिति सदस्य सोनालाल राउत कुर्मी, कार्यकारी निर्देशक रामाकान्तप्रसाद कुर्मी, आवर संसारका सुगम दाहाल, स्थानीय अगुवा रामायण मुखिया बिनलगायतको सहभागिता थियो।

## अनाथहरु बिरामी....

बिरामी पर्न थालेको कश्यपको भनाइ छ। दैनिक तीन/चार जनाको दरले बालबालिकाहरूमा ज्वरो आउने समस्या देखिएको छ।

यसैगरी, टाउको दुख्ने, खोकी लाग्ने र रुघा लाग्ने जस्ता समस्या बालबालिकामा देखिएको कश्यपले बताएका छन्। कश्यपका अनुसार दिनहुँ बिरामी परिरहेका बालबालिकालाई गरुडास्थित अनामिका अस्पतालमा उपचार गराइएको छ।




## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

